<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा ।</td><td>अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गरियो ।</td></tr>
<tr><td>२</td><td>अनुगमन तथा सुपरीवेक्षण समितिबाट पेश भएको प्रतिवेदन सम्बन्धमा ।</td><td>चालु आर्थिक बर्ष २०८२/८३ को नगरस्तरीय तथा वडास्तरीय आयोजना तथा कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भई सम्बन्धित समितिका संयोजकबाट पेश भएका प्रतिवेदनहरु उपर छलफल गरियो । आगामी दिनमा आयोजना तथा कार्यक्रमको अनुगमन र सुपरीवेक्षण कार्यमा थप सुधारका लागि निर्देशन दिने ।</td></tr>
<tr><td>३</td><td>नगर सभाको १८ औं अधिवेशन सम्बन्धमा ।</td><td>टोखा नगरपालिकाको नगरसभाको १८ औं (आ.ब. २०८२/८३) अधिवेशन मिति २०८२ पुस २३ गते बुधवार दिनको ११: ३० बजे नगरपालिकाको सभाहलमा बस्ने गरी आह्वान गर्ने ।</td></tr>
<tr><td>४</td><td>विभिन्न कानुन निर्माण एवं संशोधनको लागि सैद्धान्तिक सहमति दिने ।</td><td>क. तपशिल बमोजिमका कानुन(कार्यविधि/मापदण्ड/नर्म्स) निर्माण/संशोधनको लागि नगरपालिका प्रशासनलाई सैद्धान्तिक सहमति दिने ।<br>१. टोखा नगरपालिका शिक्षक बैंक कार्यविधि, २०८२<br>२. पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० मा पहिलो संशोधन<br>३. कार्यक्रम खर्च मापदण्ड, २०८२ को खेलकूद नर्म्स संशोधन<br>ख. शिक्षक बैंक कार्यविधिको मस्यौदा तयारीको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वका तपशिल बमोजिमको कार्यदल निर्माण गर्ने ।<br><u>तपशिल</u>
<table>
<tr><th>सि.नं.</th><th>नाम थर</th><th>पद</th><th>कै</th></tr>
<tr><td>१</td><td>कमल भट्टराई – प्र.प्र.अ.</td><td>संयोजक</td><td></td></tr>
<tr><td>२</td><td>सिताराम कोईराला-प्र.शि.अ</td><td>सदस्य</td><td></td></tr>
<tr><td>३</td><td>सायरा परियार – सा.वि.स.सं</td><td>सदस्य</td><td></td></tr>
<tr><td>४</td><td>सुजन कुमार श्रेष्ठ- प्र.अ.</td><td>सदस्य</td><td></td></tr>
<tr><td>५</td><td>सरोज कुमार पाण्डे -विज्ञ</td><td>सदस्य</td><td></td></tr>
<tr><td>६</td><td>बौद्धराज निरौला- विज्ञ</td><td>सदस्य</td><td></td></tr>
<tr><td>७</td><td>खगेन्द्र सिं धामी- शि.अ.</td><td>सदस्य सचिव</td><td></td></tr>
</table></td></tr>
<tr><td>५</td><td>टोखा नगर मासिक पत्रिका प्रकाशनको नर्म्स स्वीकृत सम्बन्धमा ।</td><td>टोखा नगरपालिका नगरसभाको १७ औं अधिबेशनबाट टोखा नगर मासिक पत्रिका प्रकाशन को कार्यक्रम स्वीकृत भएकोमा उक्त कार्यक्रम कार्यान्वयन गर्न पत्रिकाको प्रत्येक अंक तयारी एवं प्रकाशनको लागि लागत अनुमान तयार गर्न तपशिल बमोजिमको नर्म्स स्वीकृत गर्ने ।<br>तपशिलः</td></tr>
</table>

Scanned with CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | (तालिका तल) |

| सि.नं. | विवरण | एकाई | व्यक्ति संख्या | दिन | प्रति एकाई दर | जम्मा लागत |
|---|---|---|---|---|---|---|
| १ | लेख सर्जक/ रचनाकार लघुकथा र कविता | प्रति रचना | १० (अधिकतम्) | | ५०० | ५००० |
| २ | लेख सर्जक/ रचनाकार-लेख | प्रति लेख | ७ (अधिकतम्) | | १५०० | १०५०० |
| ३ | लेखन संकलन एवं टाईपिङ्ग | प्रति व्यक्ति/दिन | १ | ४ | १००० | ४००० |
| ४ | छनोट एवं सम्पादन | प्रति व्यक्ति/दिन | २ | २ | ३००० | १२००० |
| ५ | डिजाईन | प्रति व्यक्ति | १ | २ | २५०० | ५००० |
| ६ | छपाई | पत्रिका | कम्तिमा २०० प्रति | | | ३०००० |
| | | जम्मा | | | | ६६५०० |

छपाईको टेण्डर भएको खण्डमा सोहि बमोजिम (भ्याट बाहेक)

<u>शर्तहरुः-</u>

- आवरण पृष्ठ,कला,साहित्य,संस्कृति तथा नगरको गतिविधि झल्किने हुनुपर्नेछ ।
- आवरण पृष्ठ गतिविधिको फोटो सामुहिक हुनुपर्नेछ ।
- विज्ञापन राख्न पाईनेछैन ।
- सार्वजनिक हितमा जारी गरिने सूचना,सन्देश,जानकारी निःशुल्क राख्न पाईनेछ ।

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| ६ | स्वास्थ्य संस्था दर्ता अनुमति सम्बन्धमा । | १. तपशिल बमोजिमका स्वास्थ्य संस्थाहरुलाई टोखा नगरपालिका स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका, २०७९ बमोजिम दर्ता गरी तपशिल बमोजिम सेवा संचालनको लागि स्वीकृति प्रदान गर्ने । |

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना | सेवाको प्रकार | कै. |
|---|---|---|---|---|
| १ | Brain Body and Mind ( Pathology) | टोखा-५ | डि समूहको प्रयोगशाला | |
| २ | Matrix Clinic ( Health clinic) | टोखा-७ | OPD सेवा (Dermatology) | |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| ७ | सहयोग उपलब्ध गराउने सम्बन्धमा । | १. साउथ वेस्टर्न स्टेट कलेजको आयोजनामा संचालन हुने मोडेल युनाईटेड नेशन (SWSC MUN 4.0) कार्यक्रमका लागि सहयोग स्वरुप १७ औं नगरसभाको सि.नं. २५४ मा विनियोजित रकम मध्येबाट रु. ५० हजार विनियोजन गर्ने।<br>२. वडा नं. २ स्थित चण्डेश्वरी मन्दिर प्राङ्गणमा यस बर्षको पौष शुक्ल पूर्णिमा देखि माघ शुक्ल पूर्णिमा सम्म लाग्ने श्री स्वास्थानी ब्रत कथा वाचन एवं पितृमोक्ष होमहोमादी |

Scanned with CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | कार्य गर्न लाग्ने खर्च मध्ये आर्थिक सहयोग वापत श्री चण्डेश्वरी मन्दिर निर्माण तथा संरक्षण समितिलाई १७ औं नगरसभाको सि.नं. ३२३ मा विनियोजित रकम मध्येबाट रु. ८० हजार उपलव्ध गराउने । |
| ८ | सूचना प्राविधि सम्बन्धी । | १. टोखा नगरपालिका भित्र पर्ने सांस्कृतिक एवं पुरातात्विक सम्पदाहरुको ऐतिहासिक महत्व समेटेर बृत्तचित्र तयार गरी प्रशारण गर्ने कार्यको लागि १७ औं नगरसभाको खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु १ लाख ५० हजार विनियोजन गर्ने ।<br>२. टोखा नगरपालिकाको प्रचारात्मक गतिविधिलाई समेटी डकुमेन्ट्री निर्माण गरी प्रशारण गर्ने कार्यको लागि १७ औं नगरसभाको खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु २ लाख विनियोजन गर्ने ।<br>३. टोखा नगरपालिका भित्र संचालन हुने विविध साँस्कृतिक, भाषा, साहित्य, कला र सामाजिक गतिविधिहरुको समाचार संकलन एवं अनलाईनमा माध्यमबाट सम्प्रेषण/प्रकाशन गर्ने कार्यको लागि मिराज प्रकाशन प्रा.लि.लाई १७ औं नगरसभाको खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु ७५ हजार विनियोजन गर्ने । |
| ९ | जिल्ला प्रशासन कार्यालयको सवारी साधन मर्मत भुक्तानी सम्बन्धमा । | जिल्ला प्रशासन कार्यालय काठमाडौंको मिति २०८२-९-७,च.नं. १४६ को पत्रानुसार सो कार्यालयको सवारी सधानहरु जेन्जी प्रदर्शनका कारण क्षति भई सोको मर्मत संभार गरे वापत खर्च हुन आएको रकम रु. ४७६१२५/- ( मु.अ.कर सहित) भुक्तानीको लागि पत्रसाथ प्राप्त हुन आएका विल भर्पाई लगायतका कागजातका आधारमा सम्बन्धित मर्मत कर्ता कम्पनि श्री नेवा अट्टो मोवाईल, बानेश्वर, काठमाडौंलाई १७ औं नगरसभाको खर्च शिर्षक नं. २२२१३ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने । |
| १० | योजना सम्झौता रद्ध गरी पुनःसम्झौता गर्ने सम्बन्धमा । | १. वडा नं. ७ स्थित दाहाल गौंडा जडिवुटी पार्क निर्माण कार्यको लागि मिति २०८२-२-१२ मा धापासी उपभोक्ता समितिसँग सम्झौता भएकोमा उक्त समितिले हाल सम्म कार्य प्रारम्भ नगरेकोले सो समितिसँग भएको सम्झौता रद्ध गरी ७ नं. वडा कार्यालयबाट गठन भई सिफारिस हुने उपभोक्ता समितिसँग सम्झौता गरी १७ औं नगरसभाबाट सि.नं. ९३८ मा क्रमागत रहेको आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउने । |
| ११ | नेपाल भाषा (नित्या रञ्जना लिपि) एवं तामाङ्ग भाषा ( तामयीक लिपि) मा टोखा नगरपालिका लेखन सम्बन्धमा | भाषा आयोगको मिति २०८२-०९-६,च.नं. २६१ को पत्रानुसार "टोखा नगरपालिका" नेपाल भाषा (नित्या रञ्जना लिपि) एवं तामाङ्ग भाषा ( तामयीक लिपि) मा तपशिल बमोजिम लेख्ने गरी सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक सूचना जारी गर्ने ।<br>नेपाल भाषा(नित्या रञ्जना लिपि)-<br>तामाङ्ग भाषा ( तामयीक लिपि)- ཊོ་ཁ་ ནགར་པ་ལི་ཀ་ |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १२ | औषधि उपचार सहायता उपलब्ध गराउने सम्बन्धमा । | १. वडा नं. १० का वडा सदस्य जगत लाल शाहीलाई मुटु सम्वन्धी रोगवाट अस्पतालमा उपचाररत रहेकोले निजलाई औषधि उपचार खर्च वापत रु. २० हजार, खर्च शिर्षक नं. २७११२ (अन्य सामाजिक सुरक्षा, आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलब्ध गराउने ।<br>२. वडा नं. १० वस्ने अप्सरा पौडेललाई स्तन सम्वन्धी रोगवाट अस्पतालमा उपचाररत रहेकोले निजलाई औषधि उपचार खर्च वापत रु. २० हजार, खर्च शिर्षक नं. २७११२ (अन्य सामाजिक सुरक्षा, आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलब्ध गराउने ।<br>३. तारकेश्वर न.पा वडा नं. ११ वस्ने राम प्रसाद भुर्तेललाई मिर्गौला सम्बन्धी रोगका कारण अस्पतालमा उपचाररत रहेकोले निजललाई औषधि उपचार खर्च वापत रु. १० हजार, खर्च शिर्षक नं. २७११२ (अन्य सामाजिक सुरक्षा, आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलब्ध गराउने । |
| १३ | लागत सहभागिताको आयोजना स्वीकृत सम्बन्धमा । | वडा नं. ३ स्थित फैरचा कुलदेवता मन्दिर स्थल संरक्षण कार्यको आयोजना स्वीकृत गरी कूल लागतको नगरपालिका ६० प्रतिशत र स्थानीय लाभग्राही समूह ४० प्रतिशत व्यहोर्ने गरी १७ औं नगरसभाको सि.नं. १२६३ मा विनियोजित रकम मध्येबाट नगरपालिकाले व्यहोर्ने (६०%) लागत अनुमान अनुसारको रकम विनियोजन गर्ने । |
| १४ | विभिन्न आयोजना तथा कार्यक्रम स्वीकृत एवं बजेट विनियोजन सम्बन्धमा । | १. वडा नं. ४ स्थित धापासी मा.वि.को कम्पाण्ड वालमा प्लाष्टर गर्ने आयोजना स्वीकृत गरी १७ औ नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट लागत अनुमान अनुसारको रकम रु. ६७६०६८.३८ विनियोजन गर्ने ।<br>२. महिला स्वास्थ्य स्वंयम सेविका सरोकार मञ्च टोखा नगर समितिको आयोजनामा एक दिने महिला स्वास्थ्य स्वंयम सेविका स्तरिय नसर्ने रोग सम्बन्धी अभिमुखीकरण तथा अन्तर्क्रिया कार्यक्रम संचालनको कार्यक्रम स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. २५४ मा विनियोजित रकम मध्येबाट रु ८० हजार विनियोजन गर्ने ।<br>३. वडा नं. ३ स्थित भूतखेल चौरमा रहेको खेलमैदान मर्मत गर्ने आयोजना स्वीकृत गरी प्राविधिक लागत अनुमान अनुसारको रकम रु. १९००००/- हजार १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने ।<br>४. टोखा नगरपालिका वडा नं. ३ स्थित सुर्यदर्शन क्लवका खेलाडी तथा अफिसियल टिमलाई मित्रराष्ट भारतको राईगञ्जमा हुन लागेको इन्टरनेशनल कराँते प्रतियोगिता, २०२६ मा सहभागि हुनको लागि यातायात एवं अन्य खर्चको लागि १७ औं नगरसभाको सि.नं. ३२० मा विनियोजित रकम मध्येबाट रु. ७५ हजार विनियोजन गर्ने ।<br>५. वडा नं. ३ स्थित स्टार टाउन माधव बहादुर उप्रेतीको घरदेखि भित्र जाने बाटोमामा खानेपानी पाईपलाईन विस्तार एवं ढलान गर्ने आयोजना स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु ३ लाख ७० हजार विनियोजन गर्ने । |

Scanned with CamScanner

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १५ | प्रहरी प्रभाग नयाँ बसपार्कलाई कम्प्युटर उपलब्ध गराउने सम्बन्धमा | १. प्रहरी प्रभाग नयाँ बसपार्क, गोगंबुँ, काठमाडौंको मिति २०८२-७-२३,च.नं. ७०६ को पत्रबाट माग भए अनुसार प्रहरी प्रभाग नयाँ बसपार्कलाई डेक्सटप कम्प्युटर थान- १ खरिद गरी उपलब्ध गराउने । |
| १६ | विविध | १. टोखा नगरपालिकामा बालमैत्री स्थानीय शासन लागू गरी बालमैत्री नगर निर्माण गर्ने चरणमा रहेको, विभिन्न वडाहरुमा कार्यहरु अगाडि बढेकोमा सो सम्बन्धमा बालबालिका सम्बन्धी नगरपालिकाको बर्तमान तथ्यांक बिश्लेषण, स्थितिपत्र तयारी, कार्ययोजना निर्माण लगायतका कार्य गर्न एकजना बिज्ञ सेवा परामर्श मार्फत लिई कार्य अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । |

Scanned with CamScanner